# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

प.स.:२०८०/०८१
च.नं.: १०५१

मिति: २०८१/०१/१८

**बिषयः सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा।**

श्री वडा कार्यालय, सबै
आरुघाट गाउँपालिका, आरुघाट गोरखा।

प्रस्तुत बिषयमा यस आरुघाट गाउँपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई **आ.व.०८०/०८१ को तेश्रो त्रैमासिक किस्ता (२०८० माघ, फाल्गुन र चैत्र महिनाको)** रकम सम्झौता गरिएका बैकबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ परिच्छेद-५ को बैंक मार्फत भत्ता बितरण अन्तर्गत दफा २५ बमोजिम वडागत रुपमा **घुम्ती शिविर (SSA Distribution Mobile Camp)** को तपशिल अनुसारको वितरण तालिका अनुरुप वितरण हुने हुँदा आवश्यक सूचना र समन्वय गरिदिनु हुन जानकारी गराइन्छ।

**नोटः**

१. लाभग्राहीहरुले रकम भुक्तानी लिन आउँदा अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ताको पासबुक, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, चेकबुक (चेकबुक प्रदान गरिएको हकमा) लिएर तोकिएको स्थानमा स्वयं उपस्थित हुनुपर्ने छ।
२. लाभग्राही स्वयं उपस्थित हुन नसक्ने बिशेष प्रकृतिका (अशक्त/ अपाङ्ग ) भएमा वडाकार्यालयबाट सामाजिक सुरक्षा भत्ताको पासबुकमा तोकिएको नाता खुलेको संरक्षकलाई सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ।
३. अघिल्लो त्रैमासिक किस्ता रकम भुक्तानी लिन बाँकी तथा वडामा राखिएको घुम्ती शिविर (SSA Distribution Mobile Camp) मा भत्ता रकम नबुझ्ने लाभग्राहीको हकमा जेष्ठ ४ गते पछी मात्र बैंक मार्फत भुक्तानी हुनेछ।
४. वडागत रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गरिने भएको हुँदा मिति २०८१ बैशाख १८ गते मंगलबार देखि २०८१ जेष्ठ २ गतेसम्म सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको बैक खाता रोक्का रहने हुँदा २०८१ जेष्ठ ३ गतेबाट बैंकबाट रकम भुक्तानी लिनुहुन जानकारी गराइन्छ।
५. मृत्यु भएका लाभग्राहीहरुको हकमा बैंक रहेको खाता नियमानुसार अनिवार्य बन्द गर्नु पर्ने प्राबधान रहेकोले वडाबाट नाता खुलेको नाता प्रमाणित, मृत्यु दर्ता प्रमाणपत्र, संरक्षकको नागरिकता प्रमाणपत्र, पासबुक र सिफारिस लिई बैक जानु पर्ने भएकोले सो कार्यको लागि जेष्ठ महिनाको ३ गते पछी नै जानुहुन सुचित गराइन्छ।

**सादर अवगातार्थ :**

श्री अध्यक्ष ज्यू , - अवगातार्थ गरिएको सम्बन्धमा।
श्री उपाध्यक्ष ज्यू , - अवगातार्थ गरिएको सम्बन्धमा।

बोधार्थ

श्री राष्ट्रिय बाणिज्य बैंक,आरुघाट गोरखा- आवश्यक तयारी एवम् समन्वयका लागि।
श्री कृषि बिकास बैंक , आरुघाट गोरखा - आवश्यक तयारी एवम् समन्वयका लागि।
श्री एन.एम.बी.बैंक, आरुघाट गोरखा - आवश्यक तयारी एवम् समन्वयका लागि।
श्री हिमालयन बैंक, आरुघाट गोरखा – आवश्यक तयारी एवम् समन्वयका लागि।
श्री इलाका प्रहरी कार्यालय, आरुघाट – जानकारी एवम् सुरक्षा प्रदानको लागि सहजीकरण गरिदिनु हुन।

भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. : ०६४४१००४४ इमेल : rm.arughat@gmail...

## सामाजिक सुरक्षा भत्ता ( तेश्रो किस्ता ) भुक्तानी क्याम्पमार्फत वितरण हुने तालिका

| क्र.स. | बैंकको नाम | सम्झौता भएको वडा | वितरण हुने दिन | मिति | वडामा रहेने टोल | बितरण हुने स्थान |
|---|---|---|---|---|---|---|
| १ | एन एम बि बैंक | आरुघाट वडा नं ५ र ६ | ३ दिन | २०८१ बैशाख २० | वडा नं ६ आप्रिक , पाखुरे आसपासका टोलहरू बस्ने लाभग्राहीहरु | पाखुरे, आप्रिक |
| | | | | २०८१ बैशाख २१ | वडा नं ५ को भोक्टीनी, , जेल्बुंग, आर्वांग, आरबोटे , वयाक, भल्छोपे, सिमाराटोलका लाभग्राहीहरू | भोक्टेनी, आर्वांग, (वडाकार्यालय) ,वयाक, भल्छोपे,सिमारा |
| | | | | २०८१ बैशाख २४ | वडा नं ६ अलैचे, कल्लेरी र आसपासका टोलहरु | कल्लेरी, अलैचे |
| २ | राष्ट्रिय बाणिज्य बैंक | आरुघाट वडा नं ९ र १० | १ दिन | २०८१ बैशाख १९ | वडा नं ९ का आरुटार, बजार बस्ती र १० को चनौटे, मंगलटारवस्ने सबै टोलहरु | राष्ट्रिय बाणिज्य बैंक, आरुघाट |
| | | | | २०८१ बैशाख १९ | वडा नं १० को डाडागाउँ, खत्रिस्वारा, पैकाका लाभग्राहीहरू | वडा १० को कार्यालय |
| ३ | कृषि बिकास बैंक | आरुघाट वडा नं ३ र ४ | २ दिन | २०८१ बैशाख २२ | वडा नं ३ को केवरपानी स्वाँरागाउँ, | स्वारागाउँ, देउराली , |
| | | | | २०८१ बैशाख २२ | वडा नं ३ को देउराली, बदेलगुड, स्यम्रांग , भलाक सोती लगायतका टोलहरु | स्यम्रांग , भलाक सोती |
| | | | | २०८१ बैशाख २५ | वडा नं ४ को आर्खेत , कोखेटार , साबिक ४ वडा | वडा नं ४ सम्पर्क कार्यालय आर्खेत |
| | | | | २०८१ बैशाख २५ | वडा नं ४क को धारापानी, जिनुक, धुन्गेथाला | धारापानी, |
| ४ | हिमालयन बैक | आरुघाट वडा नं १,२,७ र ८ | ६ दिन | २०८१ बैशाख २० | वडा नं ८, पोखरी थोक,धारापानी, बाँसबोटे , लामबगरका लाभग्राही | पोखरीथोक, वडा नं ८ को कार्यालय |
| | | | | २०८१ बैशाख २३ | वडा नं ७, सातदोबाटो,लाकुरे, गिलिंग ,चुरुंगका लाभग्राहीहरु | चुरुङ, सातदोबाटो |
| | | | | २०८१ बैशाख २८ | वडा नं २ , पेल्वेत, कटुन्जे थाल्चोक, छाप | पेल्वेत, वडा नं २ को कार्यालय |
| | | | | २०८१ बैशाख २९ | वडा नं २ माथिल्लो कटुन्जे, माझगाउँ, पाल्लेखर्क | वडा नं २ को कार्यालय |
| | | | | २०८१ बैशाख ३० | वडा नं १ , कोप्रांग ,माझगाउँ, स्यम्चेतका लाभग्राहीहरू | वडा नं १ को कार्यालय |
| | | | | २०८१ बैशाख ३१ | वडा नं १ धोरत, धुन्चेत, धोर्चेत लगायतका लाभग्राहीहरु | वडा नं १ को कार्यालय/ धोरत |
| | | | | २०८१ बैशाख ३१ | वडा नं १, २ का छूट भएका लाभग्राहीहरु | वडा नं १/ २ को कार्यालय |
| क्याम्प संचालन जम्मा दिन | | | १२ दिन | | | |

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत